प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र सख्या : ०७६/७७
चलानी नं.: १८६१

मितिः २०७६।०७।०१

**खेलकुद प्रतियोगिता सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

प्रथम पटक सूचना प्रकाशन मिति २०७६।०७।०१

यस मन्त्रालयसँगको साझेदारीमा प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सञ्चालनका लागि तपशीलबमोजिमका मापदण्ड पुगेका खेलकुदसँग सम्बन्धित संघ संस्थाहरुलाई निम्नानुसारका कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस मन्त्रालयमा प्रस्ताव पेश गर्नका लागि मिति २०७६।०६।३० को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

तपशील

१. संस्थाको विधानमा खेलकुद क्षेत्र अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।
२. सञ्चालन गरिने खेलकुद प्रतियोगिता प्रदेशस्तरीय हुनुपर्नेछ ।
३. प्रस्तावमा खेलकुद प्रतियोगितामा समावेश गरिने खेलको विधा, खेल तालिका, सहभागी हुने खेलाडी, अफिसियल तथा रेफ्री संख्या, प्रतियोगिता सञ्चालन हुने मिति र स्थान, प्रतियोगिताको विभिन्न शीर्षक अनुसारको कूल लागत रकम तथा सो रकम साझेदार गर्ने संस्था स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
४. संघ संस्था दर्ता र चालु आ.ब. का लागि नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, संस्थाको कम्तीमा आ.ब. २०७४।०७५ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि, संस्थाको विधानको प्रतिलिपि, राष्ट्रिय खेलकुद परिषद् वा जिल्ला खेलकुद विकास समितिबाट प्रतियोगिता व्यवस्थापनका लागि आयोजक संस्थासँग प्राविधिक जनशक्ति र अनुभव भएको सिफारिस पत्र, प्रतियोगिता व्यवस्थापनमा मुख्य भूमिका निर्वाह गर्ने व्यक्तिलाई जिम्मेवारी दिएको निर्णयको प्रतिलिपि प्रस्तावका साथमा पेश गर्नुपर्नेछ ।
५. प्रस्ताव बुझिलिने तथा पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुल्ने दिनलाई प्रस्ताव प्राप्त गर्ने तथा पेश गर्ने अन्तिम दिन कायम गरिनेछ ।
६. रीत नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

विष्णु प्रसाद पन्थी
शाखा अधिकृत